# 'प्यालासँग नयाँ कविता' कविता सङ्ग्रहमा यथार्थ

# Reality in 'Pyaala-Sanga Naya Kabita' Poerty Collerction


धनञ्जय पौडेल [1]

[1]उपप्राध्यापक
जनज्योति बहुमुखी क्याम्पस
लालबन्दी, सर्लाही
https://orcid.org/0009-0001-7706-3574
bibashpaudel59@gmail.com



Received: 1 March 2025
Revised: 5 May 2025
Accepted: 21 June 2025
Published: 25 July 2025



This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0



**JANAJYOTI JOURNAL**
**(जनज्योति जर्नल)**
**ISSN** : 2961-1563 (Print)
: 3102-0275 (Online)
**https://www.nepjol.info/index.php/jj**
**Printed at : July, 2025**
**Published by :**
**RMC**
**JANAJYOTI MULTIPLE CAMPUS**
Lalbandi, Sarlahi, Nepal
www.jjmc.edu.np


## सार


*कवि सुमन घिमिरे 'अग्रिम' को 'प्यालासँग नयाँ कविता' कविता सङ्ग्रह वि.सं. २०६२/०६३ देखि २०८० को दशकसम्ममा नेपालमा देखिएका समसामयिक यथार्थताहरू अभिव्यक्त भएको कविताहरूको सँगालो हो । तत्कालीन समयको समाज, राजनीति, अर्थव्यवस्था, संस्कार र संस्कृति नै यस काव्यमा यथार्थ रूपमा अभिव्यक्त भएका छन् । गरिबी, अभाव, पीडा, विसङ्गति, व्यङ्ग्य, प्रगतिशील चेत, अस्तित्ववादी चिन्तन र समसामयिक दृष्टिकोण तथा यथार्थतालाई काव्यभित्र खोज्नु प्रस्तुत लेखको उद्देश्य हो । उल्लिखित समयका यथार्थ विषय एवम् स्वरलाई कविले हुबहु रूपमा काव्यमा प्रस्तुत गरेको पाइनु यस लेखको प्रमुख प्राप्ति हो । यथार्थमा देश, जनता, जाति, सभ्यता, संस्कृति, संस्कारजस्ता पक्षलाई केन्द्र मानेर काव्य तयार भएकाले उक्त कवितामा राष्ट्रिय भाव स्वतः समेटिएको छ । पुस्तक पठन विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको प्रस्तुत लेखमा पाठात्मक विधिका आधारमा सामग्रीको विश्लेषण गरिएको छ भने गुणात्मक पद्धतिअन्तर्गत 'प्यालासँग नयाँ कविता' कविता सङ्ग्रहलाई प्राथमिक स्रोत र अन्य सामग्रीलाई द्वितीयक स्रोत सामग्रीका रूपमा अपनाइएको छ । कविताभित्रको यथार्थताको खोजी गरिएकाले पठन तथा अन्तर्पठनद्वारा सम्बन्धित पाठक तथा यथार्थताको अध्ययन गर्ने अध्येतालाई यो लेख उपयोगी रहेको छ ।*



**Preferred Citation:**
Paudel, D. (2025). 'प्यालासँग नयाँ कविता' कविता सङ्ग्रहमा यथार्थ {Reality in 'Pyaala-Sanga Naya Kabita' Poerty Collerction}. *Janajyoti Journal*, 3(1), 369–387. https://doi.org/10.3126/jj.v3i1.83337

**मुख्य शब्दावली** : अस्तित्ववादी, अभिव्यञ्जना, प्याला, यथार्थ, विसङ्गतिवाद, समयचेत ।

## Abstract

*The poetry collection "Pyaala-sanga Naya Kabita" by poet Suman Ghimire 'Agrim' is an anthology that reflects contemporary realities observed in Nepal from 2005–06 to 2023 AD (B.S. 2062/063 to 2080). The poems vividly portray the realities of the time, including society, politics, economy, traditions, and culture. This article aims to explore how themes such as poverty, deprivation, pain, irony, satire, progressive awareness, existential thought, contemporary perspectives, and realism are expressed within the poems. One of the major findings of this article is that the poet has authentically represented the realities and voices of contemporary period in his work. Since the poems revolve around core national concerns such as the country, the people, ethnicity, civilization, culture, and traditions, a strong sense of nationalism is naturally embedded in the collection.*

*This study employs the method of close reading for data collection and applies textual analysis for interpretation. Under the qualitative research approach, "Pyaala-sanga Naya Kabita" serves as the primary source, while other relevant literature has been used as secondary sources. As the focus is on discovering the elements of realism within the poems, it is remarkable for readers and researchers interested in realistic textual an analysis.*

**Keywords:** Absurdism, existentialism, expression, pyaala, reality, temporality.

## विषय परिचय

पाठ्य, श्रव्य र दृश्य भेदमा साहित्य व्यवहृत हुन्छ । रूपक दृश्य भेदमा सफल मानिन्छ । अन्य विधा पाठ्य र श्रव्य भेदबाट व्यवहृत हुन्छन् । साहित्य अनेक विधाको समष्टि रूप हो । काव्य पनि साहित्यभित्र रहने एक प्रमुख भेद वा विधा हो । काव्यका अनेक उपभेदहरू छन् । आकारगत आयामका दृष्टिले कविता लघुतम, लघु, मझौला र बृहत् (ढुङ्गेल, अधिकारी र गौतम, २०७६, पृ. १३) गरी चार प्रकृतिका छन् । मुक्तकलाई लघुतम कविताका रूपमा लिइन्छ । यसभन्दा माथि लघु रूप रहन्छ । खण्डकाव्यभन्दा सानो वा छोटो रूप नै लघु रूप हो । एक श्लोकभन्दा माथिको आयाम भएको र खण्डकाव्यको दर्जामा दरिन नसक्ने रचना नै कविताको लघु आयाम हो । यसअन्तर्गत फुटकर कविता, गीत, गजल आदि पर्दछन् । खण्डकाव्य र महाकाव्य कविताका मझौला र बृहत् रूप हुन् । भाव अनुभूतिलाई काव्यको विषयसँग जोडेर हेर्दा कविताका भेदमा मुक्तक, फुटकर कविता, खण्डकाव्य,

महाकाव्य र विकासशील महाकाव्य पर्छन् (आचार्य र गैरे, २०५९, पृ. ३३६)। कविताका गुण र रूपलाई नेपाली कविता भाग दुईमा सम्पादक ताराप्रसाद जोशीले शब्द, छन्द, लय, संवेग, कल्पनाजस्ता पक्षलाई कविता विधानका विभिन्न रूपबाट बुझिने बताएका छन् (जोशी, २०४३, पृ. १५)। यस आधारमा सुमन घिमिरे 'अग्रिम' (वि. सं. २०४२) को प्रस्तुत 'प्यालासँग नयाँ कविता' कविता सङ्ग्रह कविताक लघु रूप जनाउने कृति हो । यस सँगालोभित्रका सबै कविता लघु भेदभित्र पर्दछन् । उनको प्रस्तुत 'प्यालासँग नयाँ कविता' कविता सङ्ग्रहका कवितामा उनले मूलतः विसङ्गतिहरूलाई कोट्याउँदै अस्तित्ववादी चिन्तनलाई प्रस्तुत गरेका छन् । यसमा उनले वर्तमान जीवन भोगाइसँग जोडिएका गरिबी, अशिक्षा, रूढिवादी चिन्तनजस्ता सामाजिक वास्तविकतालाई अभिव्यक्त गरेका छन् ।

कवि 'अग्रिम' का कविता समसामयिक र वर्तमान जीवन भोगाइसँग जोडिएका छन् । उनका कविताका हरेक पङ्क्ति र शब्दमा काव्यात्मक भाषाशैली प्रस्तुत भएको देखिन्छ । अग्रिमका कविताका विषयले प्रगतिवादी चेतनासँगै सामाजिक सुधारका निम्ति विद्रोह गरेका छन् । प्रगतिवादी साहित्यको उद्देश्य सङ्घर्ष गर्ने मात्र नभई नवीन र श्रमजीवी वर्गको सुन्दर भविष्य निर्माण गर्ने हुन्छ (लामा, सन् २०२५, पृ. १४६)। उनका कवितामा समसामयिकता, राजनीतिक चेतनाको प्रस्तुति, क्रान्तिकारी चेतना, प्रगतिशील चिन्तन, अस्तित्ववादी चेत, यथास्थितिप्रति आक्रोश, सामाजिक यथार्थको चित्रण, मानवीय संवेदनाको चित्रण र व्यङ्ग्यात्मक चिन्तन प्रस्तुत भएको देखिन्छ। यसमा विशेषतः यथार्थवादी चिन्तनले प्रश्रय पाएको देखिन्छ । यथार्थवादले वास्तविकतामा आधारित सिद्धान्त वा दर्शनलाई स्वीकार गर्दछ (अर्याल, सन् २०२३, पृ. १८२)। उल्लिखित काव्यगत विशेषताका आधारमा 'प्यालासँग नयाँ कविता' कविता सङ्ग्रहमा यथार्थबोध र चेतनाका प्रयोग तथा उदाहरण पाइन्छन् । यसर्थ यस अध्ययनमा यस कविता सङ्ग्रहभित्र प्रस्तुत भएका सामाजिक यथार्थभित्रका आदर्शता, परिवर्तन, विद्रोह, नैतिकता, राजनीतिक व्यङ्ग्य र स्वाभिमानका विषयलाई निरूपण गरिएको छ ।

## समस्या कथन

यो अध्ययन 'प्यालासँग नयाँ कविता' कविता सङ्ग्रहमा अभिव्यक्त सामाजिक यथार्थतामा आधारित विषयवस्तुको खोजीमा केन्द्रित छ। यसमा कविताभित्रको मूल भावमा केन्द्रित रहेर कवितामा प्रयुक्त विषयवस्तुमा आधारित सामाजिक पक्षहरूको खोजी गर्नु नै मुख्य समस्या रहेको छ। कवितामा यथार्थ अभिव्यक्त गर्ने क्रममा कवि घिमिरेले नेपाली मन, भाव, संवेदना, प्रेम र कर्तव्यलाई सामाजिक र मानवीय विषय बनाएर प्रस्तुत गरेको यथार्थको निरूपण मुख्य समस्याका रूपमा आएको छ। अतः यो अध्ययन कविताको मूल भावसँग सम्बन्धित विषयवस्तुभित्रको यथार्थ पहिचानमा केन्द्रित छ।

## अध्ययनको उद्देश्य

'प्यालासँग नयाँ कविता' कविता सँगालोमा समाजको अवस्थालाई जस्ताको तस्तै प्रस्तुत गरिएको छ । घिमिरेका कवितामा व्यक्त भएका भाव यथार्थ छन् । भावको प्रवाहमयता भने उनका

कवितामा कम भेटिन्छ । काव्यमा अभिव्यक्त यथार्थ पत्ता लगाई उक्त यथार्थको विश्लेषण गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ । समस्यामा उठाइएका जिज्ञासा वा प्रश्नको प्राज्ञिक उत्तर नै उद्देश्य हो । समस्यामा उठाइएका प्रश्नको उत्तरलाई उद्देश्यका रूपमा निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

क) कविता सङ्ग्रहमा अभिव्यक्त यथार्थ पत्ता लगाउनु,

ख) कविताको मुल मर्ममा केन्द्रित भएर विश्लेषण गर्नु ।

## अध्ययनको औचित्य

प्रस्तुत अध्ययन सर्जक घिमिरेको 'प्यालासँग नयाँ कविता' कृतिमा अभिव्यक्त यथार्थको खोजीमा केन्द्रित छ । काव्यमा विविध प्रकृतिका यथार्थ अभिव्यक्त छन् । कवितामा विविध यथार्थ प्रस्तुत हुनुले अभिव्यक्त यथार्थका दृष्टिले 'प्यालासँग नयाँ कविता' कविता सङ्ग्रहका कविता सामाजिक, नैतिक, प्राकृतिक, राजनीतिक, आदर्श अभिव्यक्ति जस्ता प्रस्तुतिका दृष्टिले औचित्यपूर्ण छन् ।

अनुसन्धान, खोज तथा स्वअध्ययनमा लागेका वा लाग्ने जो कोही शोधार्थीका लागि यस अध्ययनले थप सहयोग गर्छ अझ 'प्यालासँग नयाँ कविता' कविता सँगालोमा यथार्थको खोजी गर्नेका लागि त यो अध्ययन थप सहयोगी र सार्थक रहने छ । यसका अतिरिक्त काव्यमा खोजिने अन्य विविध पक्षको प्रयोग र अभ्यासका दृष्टिले पनि काव्य औचित्यपूर्ण छ ।

## अध्ययनको परिसीमा

यो अध्ययन सर्जक सुमन घिमिरेको 'प्यालासँग नयाँ कविता' काव्यको अध्ययनमा मात्र सीमित भएको छ । यसले काव्यमा अभिव्यक्त यथार्थलाई मात्र व्याख्या र समीक्षाको विषय बनाएको छ । सामाजिक धरातल र वास्तविक यथार्थलाई अभिव्यक्त यथार्थको रूपमा मात्र सीमित गरिएको छ ।

## सैद्धान्तिक आधार

प्रस्तुत लेखमा सैद्धान्तिक अवधारणाको चर्चा गरिएको छ । व्याख्याका क्रममा उक्त पक्षलाई अवलम्बन गरिएको छ । कृतिमा वस्तु तथा त्यसमा निहित सत्यको खोज वस्तुपरक भएर प्रयोग हुनु यथार्थता हो (श्रेष्ठ, २०७८, पृ. २) । यथार्थताले सामाजिक, सांस्कृतिक, नैतिक मूल्य बोकेको हुन्छ । यस्ता मूल्य सर्जकका कवितामा विभिन्न माध्यम भएर यथार्थ भाव सम्प्रेषण गर्न आएका छन् । व्याख्या वा समीक्षा गर्ने क्रममा यस्ता पक्ष खोज्ने र केलाउने काम गरिन्छ । वस्तु सत्यलाई यथार्थ मानिन्छ । जे देखिन्छ त्यही भन्नु नै यथार्थ हो । हाम्रा अगाडि जे छ त्यही यथार्थ हो । जे भेटिन्छ त्यही सत्य हो । यसले आफूले देखेको वस्तुगत कुरामा विश्वास राख्छ । यसको सम्बन्ध यथार्थ जगत्सँग रहेको हुन्छ । हामी जे देख्छौँ त्यो प्रकृतिमा हुने भएकोले प्रकृति र प्रकृति जगत्सँग मिलेर यी एक अर्काका सहयोगी बन्न पुग्छन् । मानिसमा आफू जस्तो छ जस्तो संस्कार र सामाजिक परिवेशमा उसको मनोभूमि निर्माण भएको हुन्छ । उसले त्यस्तै आग्रह राख्छ । यो उसको सामाजिक नैतिक यथार्थता हो । मैत्थ्यु आर्नोल्डले

कवितामा सामाजिक नैतिक पक्ष देशकालसापेक्ष हुने तर्क प्रस्तुत गरेका छन् (जोशी, २०४३, पृ. ३६) ।

'प्यालासँग नयाँ कविता' काव्य सङ्ग्रहका कवितामा रहेका अभिव्यक्तिलाई काव्यमा व्यक्त विषयमध्ये विभिन्न यथार्थलाई जस्ताको त्यस्तै प्रस्तुत गरिएको छ । मानव जीवन र जगत्बिचको सम्बन्धले देखापर्ने वास्तविकतालाई यथार्थ आँखाले हेरेर त्यसलाई यथार्थ भनेर मान्ने वा बुभ्ने परम्परा छँदै छ । साहित्यमा यथार्थताको अध्ययन गर्दा कम्तीमा पनि समाजको सामाजिक पक्ष, सामाजिक रूपान्तरण, सत्यम्, सुन्दरम्जस्ता प्रभावलाई ध्यान दिइन्छ । वस्तुको यथार्थ प्रकृतिबाट कलाको सिर्जना हुँदैन भन्ने मान्यता यथार्थताको छ । वस्तु जस्तो छ त्यस्तै प्रस्तुति यथार्थताको मान्यता हो (अधिकारी, गौतम र ढुङ्गेल, २०७९, पृ. १२२) । सामाजिकता भनेको चाहिँ समाजको सर्वमान्य व्यवस्था हो । समाजका सामाजिक पक्षसँग जोडिने यथार्थता पनि एक प्रमुख पाटो हो । भौतिक पक्षचाहिँ प्रत्यक्ष जोडिन्छ । समाजसँग सिधै जोडिने राजनीतिक, आर्थिक, वर्गीय, लैङ्गिक आदि पक्षको संयोजन जीवन्त भएर प्रस्तुत भएको हुन्छ । वस्तुतः यही पक्ष नै सामाजिक पक्ष हो । समाजका सदस्य स्वभावैले परिवर्तनको अपेक्षा राख्छन् । मान्छेका चाहनाअनुसार समाजमा फेरबदल हुन्छ । यही फेरबदल नै परिवर्तन हो । वस्तुगत यथार्थमा भौतिक वा बाह्य जीवन, जगत् वस्तु यथार्थ हो । साहित्यिक यथार्थले भने सामाजिक यथार्थलाई अँगाल्दछ (आचार्य, २०६७, पृ. १९४) । समाजको व्यवस्थामा आएको फेरबदललाई सामाजिक परिवर्तनका रूपमा बुभिन्छ । यस किसिमको परिवर्तन समाजको संरचना वा बनोटमा भएको परिवर्तन हो । समाजका संयन्त्रमा वर्गीय, लैङ्गिक, आर्थिक, राजनीतिकजस्ता पाटाहरू समेटिएका हुन्छन् । यसले समाजको स्वरूप तयार गरेको हुन्छ । यथार्थतासँग यस किसिमका सबै पक्षहरू जोडिएका हुन्छन् । प्रस्तुत अध्ययनमा पनि 'प्यालासँग नयाँ कविता' काव्य सङ्ग्रहभित्रका कवितालाई यथार्थताको कोणबाट विश्लेषण गरिएको छ ।

वस्तु सत्य नै यथार्थ हो । यथार्थले जे छ त्यही भन्छ । यसले आफूले देखेको वस्तुगत कुरामा विश्वास राख्छ । यसको सम्बन्ध यथार्थवादसँग छ । देखिएको सत्य प्रकृतिमा हुने भएकोले प्रकृति र प्रकृतवाद पनि यसका सहयोगी बन्छन् । प्रस्तुत कविता सङ्ग्रहमा यथार्थ पक्ष र आयामलाई अध्ययनको आधार बनाइएको छ । मानवीय जीवनजगत्का बिचको सम्बन्धले देखा पर्ने वास्तविकतालाई यथार्थताको आँखाले हेरेर त्यसलाई यथार्थवादी साहित्यका रूपमा अध्ययन गर्ने परम्परा छ । वस्तुतथ्यको यथातथ्य प्रस्तुति वा चित्राङ्कन र वर्णन नै यथार्थवाद हो (भण्डारी र पौडेल, २०६८ ) । यस तथ्यले यथार्थवाद भनेको वस्तुगत सत्य हो भन्ने बुभाउँछ । साहित्यका क्षेत्रमा यथार्थवाद शब्दले संसारमा जुन वस्तु जस्तो छ त्यस्तै बान्कीमा ठिकठिक तरिकाले चित्रण वा वर्णन गर्ने विषयलाई बुभाउँछ (बराल र अन्य २०७९) । साहित्यमा यथार्थताको अध्ययन गर्दा न्यूनतम रूपमा समाजको सामाजिक पक्ष, सामाजिक परिवर्तन, सत्यम्, सुन्दरम्जस्ता प्रभावलाई ध्यान दिइन्छ । यथार्थवादले वस्तुको यथार्थ प्रकृतिबाट कलाको सिर्जना हुँदैन भन्ने मान्यता राख्छ । वस्तु जस्तो छ त्यस्तै प्रस्तुति यथार्थवादको मान्यता हो (अधिकारी, गौतम र ढुङ्गेल, २०७९, पृ. १२२) । सामाजिकता भनेको समाजको सर्वमान्य व्यवस्था हो । समाजको भौतिक पक्ष प्रत्यक्ष रूपमा जोडिन्छ । त्यस्तै समाजसँग प्रत्यक्ष रूपमा जोडिने राजनीतिक, आर्थिक, वर्गीय,

लैङ्गिकजस्ता पक्षको संयोजन पनि सजीव रूपमा व्यक्त भएको हुन्छ । समाजका व्यक्ति स्वभावैले परिवर्तन चाहन्छन् । मान्छेका इच्छा वा चाहनाअनुसार समाजमा फेरबदल हुन्छ । यही फेरबदल नै परिवर्तन हो । वस्तुगत यथार्थमा भौतिक वा बाह्य जीवन जगत् वस्तु यथार्थ हो । साहित्यिक यथार्थले भने सामाजिक यथार्थलाई अँगाल्दछ (आचार्य, २०६७, पृ. १९४) । यसरी परिवर्तन हुने अवस्थाको सम्बन्ध यथार्थतासँग रहेको हुन्छ । समाजको व्यवस्थामा आएको फेरबदललाई सामाजिक परिवर्तनका रूपमा अध्ययन गर्ने गरिन्छ । यसरी भएको परिवर्तन समाजको संरचना वा बनोटमा भएको परिवर्तन हो । समाजका अनेक संयन्त्र अस्तित्वमा छन् । इन्द्रिय प्रत्यक्षबाट वस्तुका विषयमा प्राप्त हुने खास ज्ञान र यथार्थ चित्रण नै यथार्थवाद हो (जोशी, २०५१) वर्गीय, लैङ्गिक, आर्थिक, राजनीतिक यस्तै संयन्त्र हुन् । यी र यस्तै संयन्त्रको योगले समाजको स्वरूप तयार भएको हुन्छ । यी र यस्ता सबै पक्षको वस्तुगत चरित्रलाई यथार्थतासँग जोडेर अध्ययन गर्ने परम्परा चलेको पाइन्छ । प्रस्तुत अध्ययनमा उपर्युक्त यावत्पक्षका आधारमा 'प्यालासँग नयाँ कविता' कविता सङ्ग्रहको विश्लेषण गरिएको छ ।

## अध्ययन विधि र सामग्री

कवि सुमन घिमिरे 'अग्रिम' का सम्मका ५३ ओटा कविताहरू यस सङ्ग्रहमा समेटिएका छन् । काव्य रचनामा प्राथमिक स्रोत समाजका यथार्थ घटना तथा पात्र र परिवेश बनेका छन् । द्वितीयक स्रोतका रूपमा विश्लेषण गरिएका अनुसन्धेय सामग्रीलाई प्रयोग गरिएको छ । काव्यमा व्यवहृत यथार्थ तथ्यलाई प्रत्यक्ष वर्णन र व्याख्या गरेर प्रस्ट्याइएको छ । कविताका हरफलाई साक्ष्यका रूपमा प्रस्तुत गरी आगमन विधिका माध्यमबाट यथार्थ अभिव्यक्तिको खोजी गरिएको छ । काव्यमा व्यक्त भएका तथ्यलाई व्याख्या विश्लेषणको प्रक्रियाका माध्यमबाट समीक्षा गरिएको छ । यस क्रममा अनुसन्धेय कृतिको गुणात्मक विधिमार्फत समीक्षा गरिएको छ । व्याख्याका क्रममा कवि घिमिरेको विवेच्य कृतिलाई विविध यथार्थको प्रस्तुतिका लागि दृष्टान्त बनाइएको छ । अतः यस अध्ययनलाई कृति केन्द्रित विश्लेषणात्मक प्रक्रियामार्फत पुस्तकालयीय विधिका माध्यमबाट सम्पन्न गरिएको छ ।

## नतिजा र छलफल

यथार्थ भनेको वस्तुसत्य हो । यसले जे कुरा देखिन्छ, जे कुरा भेटिन्छ, त्यसलाई विश्वास गर्छ । यसको सम्बन्ध यथार्थवादसँग छ । साथसाथै प्रकृति र प्रकृतवाद पनि यसका सहयोगी बन्छन् (अधिकारी, गौतम र ढुङ्गेल, २०७९, पृ. १२०) । अतः यथार्थवादलाई जेजस्तो देखिन्छ त्यस्तै रूपमा प्रस्तुत गरिन्छ । जीवन जगत्प्रतिको वस्तुपरक अभिव्यक्ति तथा जीवनका सामान्य पक्षहरूको आधिकारिक उद्घाटन नै यथार्थवाद हो (भण्डारी र पौडेल २०६८, पृ. १३२) । यस विचारले यथार्थवादका विषयमा पाश्चात्य विचारक फ्रोबेलको मतलाई प्रस्तुत गरेको छ ।

यथार्थवादले नेपाली आख्यानमा मात्र नभई काव्य विधामा प्रयुक्त कविता र यिनका विविध रूपहरूमा पाइने यथार्थतालाई देखाएको छ (श्रेष्ठ, २०७८) । यस कविता सङ्ग्रहमा यथार्थ पक्ष, तत्त्व तथा आयतनलाई अध्ययनको आधार बनाइएको छ । मानवीय जीवनजगत्का बिचको सम्बन्धले देखा

पर्ने वास्तविकतालाई यथार्थताका आँखाले हेरी यथार्थवादी साहित्यका रूपमा अध्ययन गर्ने चलन छ । साहित्यमा यथार्थताको अध्ययन गर्दा कम्तीमा सामाजिक पक्ष, सामाजिक परिवर्तन, सुन्दरम्, सत्यम् आदिको प्रभावलाई ध्यान दिइन्छ । सामाजिकता भनेको समाजको व्यवस्था हो । यसमा सामाजिक यथार्थता पनि एक महत्त्वपूर्ण पक्ष हो । समाजको भौतिक, आर्थिक, राजनीतिक, लैङ्गिक, वर्गीय आदि पक्षको संयोजन नै सामाजिक पक्ष हो ।

समाजका मान्छेको इच्छानुसार फेरबदल हुनु परिवर्तन हो । त्यसको सम्बन्ध यथार्थताको परिवर्तनसँग छ । सामाजिक संरचना तथा व्यवस्थामा आएको फेरबदललाई सामाजिक परिवर्तनका रूपमा अध्ययन गर्ने गरिन्छ । समाजका राजनीतिक, आर्थिक, लैङ्गिक, वर्गीय आदि संयन्त्रले समाज बनेको हुन्छ र ती सबै पक्षको वस्तु तथा चरित्रलाई यथार्थतासँग अध्ययन गर्ने गरिएको पाइन्छ ।

## सामाजिक पक्षको यथार्थ अभिव्यञ्जना

सामाजिक यथार्थ भन्नाले समाजमा विद्यमान वस्तुस्थिति, अवस्था र समस्याहरूको यथातथ्य र इमानदार चित्रणलाई जनाइन्छ । यो वर्गीय सङ्घर्ष, लैङ्गिक असमानता, जातीय भेद, राजनीतिक अन्याय आदिमा केन्द्रित हुन्छ (श्रेष्ठ, २०७८) । नेपाली कवितामा सामाजिक यथार्थको विकास क्रमिक रूपमा हुँदै आएको पाइन्छ। भानुभक्त आचार्यको घाँसी कवितामा श्रम र नैतिकताको पक्षलाई उठाइएको छ। यो सामाजिक स्तरको यथार्थ चित्रण हो। लक्ष्मीप्रसाद देवकोटाको 'पागल' कवितामा समाजप्रतिको असहिष्णुता, असमानता र अनावश्यक मूल्यप्रणालीप्रति गहिरो आलोचना पाइन्छ । भूपी शेरचनको 'गुमेको मुठ्ठी' काव्यमा श्रमजीवी वर्गको पीडा, राजनीतिक भ्रम र सामाजिक द्वन्द्वलाई स्पष्ट रूपमा चित्रण गरिएको पाइन्छ (शेरचन, २०२५)। मोहन कोइरालाका कवितामा वर्गीय शोषण र पूँजीवादी सत्ता संरचनामाथि काव्यात्मक प्रहार पाइन्छ (कोइराला, २०४५)। नेपाली कवितामा सामाजिक पक्षको यथार्थ अभिव्यञ्जना केवल साहित्यिक सौन्दर्यमा सीमित छैन; यसले सामाजिक जिम्मेवारी, चेतना र प्रतिवादको स्वर बोकेको छ । यस्ता कविता परिवर्तनको संवाहक बनेका छन् । सुमन घिमिरेको प्यालासँग नयाँ कविता (२०८१) सामाजिक पीडा, बेरोजगारी, भ्रष्ट शासन, शिक्षा व्यापारजस्ता यथार्थ समस्याहरूमाथि सशक्त आवाज हो। कवि सुमन घिमिरे 'अग्रिम' समसामयिक धारका कविता लेख्छन्। विद्रोहले परिवर्तन खोज्छ र त्यो परिवर्तन प्रगति केन्द्रित हुन्छ। गरिब र दुःखीका दिन लोकतन्त्र आएपछि आउँछन्। सुख पाउन लोकतन्त्र आउनुपर्छ भनिए तापनि यहाँ दुःखीको दिन सुखमा रूपान्तरण गर्न कुनै तन्त्रले पनि नसकेका विचारहरू प्रस्तुत भएका छन् :

> "अब के गर्छौं
> साहिँला दाइ ?
> धेरै पटक लड्यौं हामी
> तिम्रा र हाम्रा सपना पूरा गर्न ।
> ००७,
> ०३६,
> ०४६,

०६३ सालमा
व्यक्ति फेऱ्यौँ हामीले
चरित्र फेर्न सकेनौँ ।
नेता फेऱ्यौँ हामीले
नेतृत्व फेर्न सकेनौँ" (घिमिरे, २०८१, पृ. ७३) ।

यस कवितांशमा कविले परिवर्तनका निम्ति लडेका योद्धाको आवाजलाई संवादका रूपमा प्रस्तुत गरेका छन् । यसमा मुलुकको व्यवस्था परिवर्तन भए पनि नेता, नेतृत्व वा जिम्मेवार मानिसको चरित्र बदल्न नसकेको दुःखेसो व्यक्त गरिएको छ ।

**यथार्थ र आदर्शको प्रतीकात्मक अभिव्यञ्जना**

यथार्थ नाङ्गो चित्रण वा आदर्शको काल्पनिक निर्मिति होइन । यथार्थ समाजको तटस्थ चित्रण हो । आदर्श भविष्यप्रतिको विश्वास, आशा र परिवर्तनको कल्पना हो । प्रतीकात्मक अभिव्यञ्जना भनेको प्रत्यक्ष रूपमा नभई साङ्केतिक रूपमा सन्देश दिने कलात्मक प्रविधि हो । यसले पाठकलाई सोच्न र अनुभव गर्न उक्साउँछ (जोशी, २०५१) । प्रतीकात्मक कविताहरूले सजिलो भाषामा अर्थपूर्ण सन्देश दिन्छन् । यस्ता प्रतीकहरूले यथार्थका घाउ देखाउँछन् र आदर्शको सपना बोकेका हुन्छन् । नेपाली कविता लेखन यस प्रतीकात्मक संयोजनका साथ अगाडि बढेको पाइन्छ । नेपाली कवितामा यथार्थ र आदर्शको प्रतीकात्मक अभिव्यञ्जनाले कवितालाई विचारमूलक, बहुपर्यायात्मक र भावनात्मक गहिराइयुक्त बनाएको पाइन्छ । नेपाली कवितामा यसको अभिव्यक्ति लक्ष्मीप्रसाद देवकोटाको पागल कवितामा 'पागलपन' स्वयम् एक प्रतीक हो । यहाँ यथार्थ समाजले स्वीकार नगरेको आदर्शको खोज प्रकट गरिएको छ । समसामयिक कवि सुमन घिमिरेको 'प्यालासँग नयाँ कविता' (२०८१) सामाजिक पीडा, बेरोजगारी, भ्रष्ट शासन, शिक्षा व्यापारजस्ता यथार्थ समस्याहरूमाथिको सशक्त आवाज हो । कवि घिमिरेको प्यालासँग नयाँ कविता (२०८१) मा 'प्याला' सामाजिक घाउहरूको प्रतीक बनेको छ । यसले समाजमा दिशानिर्देश गर्नेतर्फ जोड दिएको छ । यस सन्दर्भमा उनको 'एक चक्र' शीर्षकको पहिलो कवितांश यसरी प्रस्तुत भएको छ :

"सल्कायो उसले आगो-
भक्कानिँदै एउटा सिङ्गो भूगोलमा र
झाऱ्यो,
आफ्नै नयनबाट समुद्रका छालहरू
सकेसम्म निभाउने आशमा...." (घिमिरे, २०८१, पृ.१) ।

'एक चक्र' प्रतीकात्मक अर्थ बोक्ने पदावली हो । कवितामा बाबुलाई एक सिङ्गो भूगोलका रूपमा चित्रण गरिएको छ । बाबुको मृत देहमा आगो सल्काउने क्रममा छोराले आँखाबाट बलिन्द्र आसुँका धारा बगाएको छ । यसमा कतै छोराको बलिन्द्र आँसुका धाराले बाबु बिउँतिन सक्छन् कि भन्ने अपेक्षा प्रस्तुत छ ।

"शोकमा बगिरहेका
नयनबाट निस्केका ती सुनामी छालहरू पनि
हार मानिरहे बल्दै गरेको चितासामु" (घिमिरे, २०८१, पृ. १) ।

माथिको कवितांशले जन्म दिने बाबुलाई विशाल ब्रह्माण्डका रूपमा बोध गराएको छ। बाबुको मृत देहलाई जलाउन आगो लगाउनुपर्ने अवस्था यथार्थ रूपमा आएको छ । यसमा जन्म दिने बाबुलाई विशाल ब्रह्माण्डका रूपमा हेर्नु आदर्श हो । त्यस्तै बलिरहेको चितासामु शोकमा बगिरहेको नयन पनि यथार्थ हो । नयनबाट बगेका आँसुले बलेको चिता निभाउन खोज्नु अतिशय आदर्श हो । अतः यहाँ सन्तानमात्रको हित र भलाइमा बाबुको सुगन्ध र सुवासले संसार सिञ्चित छ । अभाव, दुःख, पीडा, छटपटीका बिचमा पनि जसरी बाबुले आफ्ना बाबुलाई जलाए त्यसैगरी आफूले पनि आफ्ना बाबुको मृत देहलाई जलाउनुपर्ने बाध्यता विवेच्य कवितामा कविले प्रस्तुत गरेका छन् ।

### यथार्थमूलक परिवर्तनको अभिव्यञ्जना

कविले यहाँ शासन र राजनीतिक चिन्तनलाई एकसाथ फेनुपर्ने सन्देश दिएका छन् । कवितामा परिवर्तन हुनका लागि देश र जनताले भोगिने यथार्थ नै परिवर्तन हुनुपर्ने भाव अभिव्यक्त गरेका छन् । उनले मनैदेखि अनुभूत गर्ने परिवर्तनका सन्दर्भमा यसरी आफ्नो विचारलाई प्रस्तुत गरेका छन् :

"फेरेर मात्र शासन व्यवस्था
फेरिँदैन- रोएको देश,
फेरिँदैनन् - फाटेका मनहरू
सुन्दर बन्लान् - किताबका पानामा कोरिएका भूगोलका नक्साहरू
तर
जोडिँदैनन् - चिरिएका असली भूगोलहरू" (घिमिरे, २०८१, पृ. ४) ।

माथिका पङ्क्तिमा व्यक्त विचारहरू नवीनपनको खोजीमा केन्द्रित छन् । पटकपटक देशको शासन व्यवस्था फेरेर जनताको जनजीवनमा तात्त्विक भिन्नता ल्याउन सकिएन भने त्यसको कुनै गरिमा नरहने भन्दै कवि देशको समूल परिवर्तनका लागि परिवर्तित व्यवस्थाअनुरूपको आचरण, व्यवहार र कार्यशैली हुनुपर्ने तर्क गर्छन् । देश निर्माणका लागि सबैले नयाँ गोरेटो बनाउनुपर्छ । असङ्ख्यलाई हिँड्ने र जोड्ने बाटो बनाउनुपर्छ भन्ने भावलाई उनी यसरी व्यक्त गर्छन् :

"भोका पेटहरू नभरिएसम्म
नभाँचेसम्म - कोपर्ने नङ्ग्राहरू
नफेरेसम्म - थोत्रा मगजहरू
कागजमा देश बन्ला
तर
अरब धाउनै पर्छ - हरेक एक थान जीवनले वायुयान चढेर" (घिमिरे, २०८१, पृ. ४) ।

लेखकलाई छुट्टै इतिहास कोर्न र हेर्न मन लागेको यथार्थ भाव कविताबाट अभिव्यक्त भएको छ । यसले कविको चिन्तन प्रगतिशील छ भन्ने सन्देश दिन्छ । अझ उनी विद्रोही चेतलाई दृष्टान्त बनाउँदै समाजका रूपान्तरणको उद्घोष गर्दछन् । वास्तवमा मार्क्सवादी विचारधारामा श्रमजीवी वर्गको उत्थानका निम्ति आर्थिक, सामाजिक, सांस्कृतिक विभेद तथा शोषणको अन्त्य हुनुपर्ने र नवीन संस्कृति निर्माण गर्नुपर्ने चिन्तन समावेश हुन्छ (लामा, सन् २०२५, पृ. १४५) । यसमा कविले विगतको इतिहासदेखि नै राजनीतिका क्षेत्रमा समाजमुखी भावको कमी भएको यथार्थलाई प्रस्तुत गरेका छन् ।

**यथार्थ चेतनाको अभिव्यञ्जना**

कवि भूपी शेरचन, मोहन कोइराला, इन्द्रबहादुर राई, युवराज श्रेष्ठ आदि स्रष्टाहरूले नेपाली कवितामा यथार्थवादको सशक्त सुरुवात गरेका थिए। भूपीको गुमेको मुट्ठी, मोहन कोइरालाको जूनकिरीको आवाज, सुमन घिमिरेको प्यालासँग नयाँ कविता आदिमा तत्कालीन सामाजिक, राजनीतिक र मानसिक अवस्थाहरूको यथार्थ चित्रण पाइन्छ । यसरी हेर्दा घिमिरेका कवितामा राजनीतिक यथार्थ चेतना प्रखर रूपमा प्रकट भएको छ। यस सन्दर्भमा उनको विचार यसरी प्रस्तुत भएको छ :

“लाग्थ्यो-
काँचुली फेर्ने धर्म सर्पको मात्र हो
तर...
विषालु र डस्नेहरू नै बारम्बार नयाँ कलेवरमा
आइरहन्छन् -
तिमी,
म
र
मेरो समाजलाई डस्न
परिवर्तनको नाममा राँको झोसेर” (घिमिरे, २०८१, पृ. १३) ।

परिवर्तन सिर्जनशील हुनुपर्छ। यसले समाजको रूपान्तरणमा सिर्जनात्मक योगदान गर्नुपर्छ। कविले यसो भयो भने मात्र समाजले गति लिन्छ भन्ने मान्यता राखेका छन् । यो राज्यका नागरिकका लागि हुनुपर्छ तर हाम्रो सोच राजनीतिपरक छ। हाम्रो सन्दर्भमा राजनीतिक परिवर्तन भनेको कपटपूर्ण चाल बनेको अवस्थालाई कविले प्रस्तुत गरेका छन् ।

**विद्रोहको यथार्थ अभिव्यञ्जना**

सर्जक अग्रिमका कवितामा विद्रोह छ । दासता स्विकारेर बसियो भने कहिल्यै पनि परिवर्तन नहुने उनको तर्क छ। देशको शासकीय स्वरूपमा परिवर्तन आउँदा पनि जनतामा आर्थिक रूपान्तरण नआएका कुरालाई यसरी प्रस्तुत गरिएको छ :

"दिदी ! कति बस्छ्यौ
बगर रुँघेर
अराजक बन - यदि भोक मास्नु छ भने,
परिवर्तन गर बाटो - यदि शोक नास्नु छ भने,
कति बस्छ्यौ ?
भोकसँग पैँठेजोरी खेलेर" (घिमिरे, २०८१, पृ. १२) ।

कवि शोषणमुक्त मानव समाज घोषित गर्न आतुर छन् (घिमिरे, २०८१) । शासन व्यवस्थाप्रति उनको आक्रोश छ । समाजमा परिवर्तनका निम्ति कहिलेकाहीँ अराजक पनि बन्नुपर्छ र गरिबीको दासतालाई स्विकारेर बस्दा वास्तविक अर्थमा परिवर्तन नहुने सन्देश उल्लिखित कवितांशमा व्यक्त भएको पाइन्छ ।

**सामाजिक नैतिक यथार्थको अभिव्यक्ति**

यथार्थवादले समाजको वस्तुगत चित्रण गर्छ । यसमा भावनाको अतिशयोक्ति हुँदैन । बरु जीवन, समाज, राजनीति, अर्थतन्त्र, शोषण, वर्गसङ्घर्षजस्ता पक्षहरू चित्रित हुन्छन् । नेपाली सन्दर्भमा यो धाराको प्रभाव वि.सं. २००७ सालपछि विशेष देखिन्छ । नेपालका विभिन्न राजनीतिक दलहरूले अपनाएको राजनीतिक आदर्श र कार्यशैलीको सन्दर्भ जोड्दै कविले यसको भनेका छन् :

"मन्दिरमा बलि चढाएपछि
उसले
एकमुठी
बाम दर्शन वमन गऱ्यो -
गड्गडाहट तालीले सभा गुन्जायमान हुँदै थियो,
वाह ! क्या दर्शन !
भन्दै हजारौँको भिड पछि लाग्यो" (घिमिरे, २०८१, पृ. ७१)

मान्छेले आफ्नो स्वत्वलाई भुलेको र आयातित विचार र दर्शनभित्र पनि स्वार्थको खेल बुझ्न नसकेर पछिपछि दौडेको कुरातर्फ कविले सङ्केत गर्दै वर्तमान नेपाली समाजको यथार्थ चित्रण गरेका छन् । सीमित स्वार्थ समूहको प्रलोभनमा परेर नेपाली समाज कसरी नेपाली राजनीतिक रङ्गमञ्चमा आज प्रहसनको सिकार भएको छ । परिणामतः नैतिक धरातलमा उभिनै नसक्ने अवस्थामा पुगेको छ भन्ने सन्दर्भलाई कविले कवितामा उतारेका छन् । यसमा हामी नेपालीको चेतनास्तरमा समेत कमजोरी रहेको यथार्थ प्रस्तुत भएको छ ।

**त्रासदीय संवेदनाको अभिव्यञ्जना**

परिवर्तित सन्दर्भ र समय पीडाले मान्छे आक्रान्त छ । पीडा बिसाउने ठाउँ नभएका कारण मानिसले सहारा खोज्नुपर्ने विडम्बना कवितामा प्रस्तुत छ । मानिसहरू मानिसको वेदना सुन्न र

आश्वासन दिनसमेत तयार छैनन् । यसकारण पीडित, दुःखी र आश्रयमा भर पर्नुपर्ने मान्छे अनुभूति शून्य भएको छ । नेपाली समाज राजनीतिक वा अन्य विविध प्रकृतिका पूर्वाग्रहले ग्रस्त छ । आजको मानिस समयलाई दोष थोपरेर अगाडि बढिरहेको देखिन्छ । यिनै विसङ्गत र कारुणिक पक्षभित्रका त्रासदीय संवेदनालाई कविले यसरी व्यक्त गरेका छन् :

"प्रभातका किरणहरू पृथ्वीमा ओर्लन नपाउँदै
मृत्यु वरण गरेको दुब्लो समय
जिन्दावादभित्र अटाउन सकेन
र
सडकका छातीमा पड्केको एम्बुसमा
एक थान जिन्दगी समाप्त पार्दै-
अस्तायो सदाका लागि भूगोलको एक कुनाबाट" (घिमिरे, २०८१, पृ. ३६) ।

यस कवितांशले जीवनको क्षणिकता र प्रकृतिसँगको गहिरो सम्बन्धलाई चित्रण गर्छ । अन्यायपश्चात् मृत्युको समयलाई अनिश्चित र अपरिहार्य रूपमा प्रस्तुत गरिएको छ। कवितामा मानव जीवनभित्रको यात्रा र अन्त्यको भावुक चित्रण छ। सडकको छेउमा उभिएको एकल व्यक्तिको जीवन समाप्त हुने दृश्यले एकाङ्कीपन र अनित्यताको भाव बोकेको छ। प्रकृतिको सौन्दर्य र मानव जीवनको नश्वरताबिचको अन्तरद्वन्द्व कविताको केन्द्रमा छ। अन्तिम पङ्क्तिमा "अस्ताएको सूर्यको एक कुनाबाट" भन्ने अभिव्यक्तिले जीवनको अन्त्यलाई प्राकृतिक चक्रसँग जोड्छ। कविताको भाषा सरल तर गहन छ। यसले पाठकलाई जीवन र मृत्युको दार्शनिक चिन्तनमा डुबाउँछ ।

### व्यङ्ग्य चेतनाको यथार्थ अभिव्यक्ति

व्यङ्ग्य साहित्यको सशक्त विधा हो । यसले यथार्थ जीवनका विसङ्गतिलाई आलोचनात्मक ढङ्गले प्रस्तुत गर्छ । व्यङ्ग्य चेतना भन्नाले समाज, राजनीति, धर्म, परम्परा, सत्ता र संस्कारको आलोचनात्मक मूल्याङ्कन हो । व्यङ्ग्यात्मक कविताहरूले प्रायः दोहोरो अर्थ, विडम्बना, अनपेक्षित अन्त्य, रूपक र प्रतीक प्रयोग गर्छन् । कविताको तात्पर्य स्पष्ट नहुन सक्छ तर त्यसले पाठकमा गम्भीर सोच जन्माउँछ। व्यङ्ग्यले गहिरो रूपमा कटाक्ष गर्छ । यसका माध्यमबाट समाजका विकृति, विसङ्गति, कर्तव्य र अधिकारको असन्तुलित प्रयोगका विरुद्ध आवाज उठाइन्छ (पन्थ, सन् २०२४, पृ. ९५)। कवितामा व्यङ्ग्य चेतनाले यथार्थलाई केवल भावुकतापूर्वक होइन, आलोचनात्मक दृष्टिकोणबाट उजागर गर्ने गरेको पाइन्छ । नेपाली कवितामा व्यङ्ग्य चेतनाको यथार्थ अभिव्यक्ति पुराना र नयाँ स्रष्टाहरूमा स्पष्ट देखिन्छ। भानुभक्त आचार्यको 'घाँसी' कविता स्वयम् एक व्यङ्ग्यात्मक यथार्थ बोकेको कविता हो । यसले शिक्षित वर्गको निष्क्रियतामाथि व्यङ्ग्य गरेको पाइन्छ । लक्ष्मीप्रसाद देवकोटाको पागल कवितामा समाजले आफूलाई 'पागल' भन्ने विडम्बनालाई आत्मगौरवको भाषामा प्रस्तुत गरिएको पाइन्छ । जुन गहिरो व्यङ्ग्य चेतनाले भरिएको छ । भूपी शेरचनको कवितामा विशेषतः 'गुमेको मुट्ठी' (२०२५) मा राजनीति, जनजीवन, ठुला भनिने नाराहरूको विडम्बना झल्किन्छ । मोहन कोइरालाका

कवितामा मनोविज्ञान, अस्तित्व र शोषणमाथि प्रतीकात्मक व्यङ्ग्य पाइन्छ । मदनमणि दीक्षितजस्ता लेखकहरूले पनि यथार्थवादी र व्यङ्ग्यात्मक शैलीमा समाजका विकृति उजागर गरेका छन् (दीक्षित, २०३८) । यसरी नै यस कविता सङ्ग्रहमा पनि व्यङ्ग्यचेत सशक्त देखिन्छ ।

सुमन घिमिरेको 'प्यालासँग नयाँ कविता (२०८१)' ले समसामयिक नेपाली समाज, दलाली संस्कृति, शिक्षा प्रणाली र भ्रष्टाचारमाथि आधुनिक व्यङ्ग्य शैलीमा यथार्थ उजागर गरेको पाइन्छ । उनका कवितामा वर्ग सङ्घर्ष, बेरोजगारी, मूल्य-मान्यताको पतन, राजनीतिक अप्ठ्याराजस्ता यथार्थहरू प्रभावशाली ढङ्गले व्यक्त भएका छन् । प्रस्तुत कविता सङ्ग्रहमा कवि भिख मागेर देश चलाउन खोज्नेहरूलाई व्यङ्ग्य गर्छन् । जबसम्म राष्ट्रका नागरिकहरूलाई श्रम, सिप र स्वरोजगारमा जोड्न सकिन्न तबसम्म राष्ट्र स्वाधीन र स्वतन्त्र हुन नसक्ने कुरालाई परोक्ष रूपमा उद्धृतांश कवितांशमा कविले यसरी व्यक्त गरेका छन् :

"खै,  
कहाँबाट छिरे  
परजीवी वीर्यका थोपाहरू  
उत्पादन भएछन्- सुकिला र गफाडी मगन्तेहरू ।" (घिमिरे, २०८१, पृ. ४२) ।

यस कवितांशले प्रकृतिको सौन्दर्य र मानव जीवनको गहिरो सम्बन्धलाई चित्रण गर्छ । प्रकृतिको उत्पत्ति र विकासको प्रक्रियालाई रहस्यमयी रूपमा प्रस्तुत गरिएको छ । "कहाँबाट ल्याए" भन्ने प्रश्नले जीवनको उत्पत्तिको खोजलाई सङ्केत गर्छ । प्रकृतिमा फुल्ने फूलहरू र उड्ने चन्द्रमाहरूको बिम्बले सौन्दर्य र गतिशीलता झल्काउँछ । कविताको भाषा सङ्क्षिप्त तर प्रतीकात्मक छ । यो अंशले पाठकलाई प्रकृति र जीवनको अन्तरसम्बन्धबारे चिन्तन गर्न प्रेरित गर्छ । मागेर देश चलाउने शासकप्रति गरिएको तीव्र व्यङ्ग्य र सामान्य कुराले पनि देशमा हलचल मच्चाउने कमजोर शैलीको शासन व्यवस्थाप्रतिको यस कविता सङ्ग्रहमा तीव्र व्यङ्ग्य गरिएको छ ।

**सिर्जनात्मक यथार्थको अभिव्यक्ति**

कविता केवल सौन्दर्यको खेल होइन, जीवनका यथार्थ पक्षहरूको कलात्मक अभिव्यक्ति हो । सिर्जनात्मक यथार्थले तीतो यथार्थलाई कलात्मक शैलीमा कल्पनाशक्तिको संयोजनसहित प्रस्तुत गरिने रूपलाई जनाउँछ । नेपाली कवितामा यथार्थलाई सिर्जनात्मक ढङ्गले प्रस्तुत गर्ने परम्परा बलियो हुँदै गएको छ । सिर्जनात्मक यथार्थ भन्नाले यथार्थ जीवनका भोगाइ, घटनाक्रम र अवस्थाहरूलाई केवल यथातथ्य रूपमा होइन । यसमा कलात्मक, रूपात्मक र प्रतीकात्मक शैलीको प्रस्तुति हुन्छ । यसका साथै यथार्थलाई बदल्ने, कल्पना र दर्शनद्वारा रूपान्तरण गर्ने शक्ति हुन्छ । लक्ष्मीप्रसाद देवकोटाको 'पागल' कवितामा मानसिक अशान्तिको यथार्थलाई सिर्जनात्मक रूप दिइएको छ । भूपी शेरचनको 'घुमेको मुट्ठी' काव्यमा राजनीतिका कठोर यथार्थहरूलाई सरल भाषा र गहिरो व्यङ्ग्यद्वारा प्रस्तुत गरिएको छ । सिर्जनात्मक यथार्थ बोकेका कविताहरूले विम्ब, प्रतीक, विरोधाभास, विडम्बना आदि शैलीमा यथार्थलाई भावनात्मक गहिराइ र कलात्मक सौन्दर्य दिन्छन् । यसले कविता केवल खबरजस्तै हुँदैन, अनुभूतिपूर्ण

अनुभूति बन्छ । कवि सिर्जनशील चेतनाहरूलाई होसियार रहन अनुरोध गर्छन् (घिमिरे, २०८१) । राज्य व्यवस्थाभित्र सिर्जनाको जग बसाउनु छ भन्दै नवकर्ममा लाग्न सबैलाई कवि घिमिरेले प्रेरित गरेका छन् ।

## आदर्शोन्मुख यथार्थको अभिव्यक्ति

साहित्य समाजको प्रतिबिम्ब हो । यथार्थलाई प्रस्तुत गर्नु साहित्यको मूल धर्म भए तापनि त्यो यथार्थ केवल कटु, कठोर र नाङ्गो नहोस् भन्ने दृष्टिकोणले साहित्यमा आदर्शोन्मुख यथार्थको धाराको विकास भएको पाइन्छ । नेपाली कवितामा पनि यस्तो यथार्थ चित्रण पाइन्छ, जहाँ जीवनको दुःखसहित आशाको झिल्को देख्न सकिन्छ । यथार्थवाद जहाँ वस्तुगतता, तटस्थता र जीवनको तीतो पक्ष प्रस्तुत गर्छ । त्यहीँ आदर्शोन्मुख यथार्थ जीवनका दुःखहरूलाई स्वीकार गर्दै पनि उज्यालो सम्भावनाको सङ्केत दिन्छ । यसले परिवर्तनको आशा, मानवता, समता र न्यायको अभिलाषालाई समेट्छ । आदर्शोन्मुख यथार्थ बोकेको कविता सामान्यतः प्रतीकात्मक, गम्भीर र आशावादी शैलीमा लेखिन्छ । ती कविताहरूले केवल भोगाइ मात्र होइन, बाँच्न सक्ने सपना पनि दिन्छन् ।

सुमन घिमिरे 'अग्रिम' को प्यालासँग नयाँ कविता (२०८१) मा सामाजिक विडम्बना र दुःखको वर्णन गरिएको छ तर कविताको अन्त्य सधैँ आशावादी हुँदै जान्छ । यसले पाठकमा परिवर्तन सम्भव छ भन्ने सोच जागृत गर्छ । देश र जनताप्रति कवि घिमिरेको उच्च सम्मान रहेको कुरा छ । त्यस्तै प्रस्तुत कविता सङ्ग्रहमार्फत नेपाली सभ्यता, संस्कार, संस्कृति, सञ्चेतना, सद्विचार, अनुशासन, मर्यादा र कर्तव्यको भाव काव्यमा व्यक्त भएको देखिन्छ । नेपाली कवितामा आदर्शोन्मुख यथार्थले यथार्थवादी कटुतालाई मुलायम बनाउने काम गरेको छ । यसले नकारात्मकता मात्र होइन सकारात्मक रूपान्तरणको सम्भावना पनि देखाउँछ । प्रस्तुत विवेच्य कविता सङ्ग्रहका कविताहरूले साहित्यलाई सङ्घर्ष र सपना दुवैको सङ्गम बनाएका छन् ।

## वाक्स्वतन्त्रताको यथार्थ अभिव्यक्ति

कवि घिमिरेले विभिन्न समयमा भएका राजनीतिक व्यवस्थाको परिवर्तनले जनमानसको भावलाई समेट्न नसकेको र देशले उपयुक्त गति लिन नसकेको कुरा व्यक्त गरेका छन् । सिप हुनेले काम पाउने, गरीखानेले ठाउँ पाउने, उपयुक्त दाम पाउने, अन्याय र अत्याचारको निसान नरहने भनेर पटकपटक गरिएको व्यवस्था परिवर्तनले खासै उपलब्धि दिन नसकेकोतर्फ कविका अधिकांश कविताहरू रचित छन् । राजनीतिक नेतृत्वले विभिन्न समयमा चलाएको जनआन्दोलनबाट प्राप्त लोकतन्त्र कस्तो लोकतन्त्र हो भन्दै उनले लोकतन्त्रका विषयमा प्रश्न उठाएका छन् । उनले पद्धति, शान्ति, मैत्री, विभेद अन्त्य, दलका कर्म, चुनावका खेल, बोलीको मर्म, विरक्तिको राजजस्ता सान्दर्भिक विषय उठाएर जनमानसमा उत्पन्न यथार्थलाई प्रकाशित गरेका छन् । लोकतन्त्र तथा गणतन्त्र प्राप्तिको बलिदानीपूर्ण भाव 'बहुजन हिताय, बहुजन सुखाय' मा आधारित होला भन्ने सोचे पनि यो विषय नागरिकले सोचेजस्तो नभएको काव्यको प्रस्तुतिबाट अवगत हुन्छ । कवि माटो र मनलाई जोड्दै यिनीहरू हाम्रा पहिचान भएको बताउँछन् । प्रस्तुत कविता सङ्ग्रहमा कवि घिमिरेले कर्तव्य, निष्ठा, न्याय, उपकार, पुण्यकर्मजस्ता

पक्षको उपस्थितिलाई जोड दिएका छन् । उनका कविताले भावना र सम्मानको बोध गराउँछन् । कवि कविता सङ्ग्रहमार्फत न्यायको याचना गरिरहेका छन् । यस सन्दर्भमा उनले "श्रम, जातभेद, लिङ्गभेद नामेट हुनु नै न्याय हो" भन्ने भावलाई व्यक्त गरेका छन् । कविले मान्छेमा रहेको विभेदको पर्खाल भत्काउन मानव जातिलाई अनुनय गरेका छन् ।

## स्वाभिमानपूर्ण यथार्थ भावको अभिव्यञ्जना

साहित्यले यथार्थलाई मात्र होइन, मानिसको आत्मगौरव र स्वाभिमानलाई पनि उठान गर्छ । नेपाली कवितामा स्वाभिमानपूर्ण यथार्थ अभिव्यक्तिको विशेष परम्परा रहीआएको छ जसले सामाजिक शोषण, उपेक्षा र अन्यायका विरुद्ध आवाज उठाउँछ । स्वाभिमानपूर्ण यथार्थ नेपाली कविताको एक शक्तिशाली स्वर हो । यसले पाठकमा आत्ममूल्यबोध, चेतना र प्रतिवादको भावना विकास गर्छ । नेपाली कविता केवल पीडाको बयान नभई स्वाभिमानको घनघोर प्रतिध्वनि पनि हो ।

स्वाभिमानपूर्ण यथार्थको आशयले यथार्थमा रहेका सङ्घर्ष, पीडा र दबाबलाई चित्रण गर्दा व्यक्तिको आत्मगौरव, अस्मिता र सम्मानबोधलाई केन्द्रीकरण गर्छ । यसमा भोगाइ तीतो भए पनि प्रस्तुतिमा आत्मबल र जुझारुपन झल्किन्छ । भूपी शेरचनको 'म माटोको मान्छे' कवितामा गरिब, श्रमिक वर्गप्रतिको गर्व र स्वाभिमान स्पष्ट देखिन्छ (शेरचन, २०२५) । लक्ष्मीप्रसाद देवकोटाको 'पागल' कवितामा आफूलाई पागल ठानिए पनि स्वाभिमानपूर्वक अस्तित्वको दाबी गरिएको छ । समकालीन सन्दर्भमा आजका युवा कविहरूले पनि जातीय, लैङ्गिक, वर्गीय असमानता विरुद्ध कविता लेख्न थालेका छन् । यसमा आत्मगौरव र स्वाभिमान बोकेको यथार्थ प्रस्तुत छ ।

सुमन घिमिरे (२०८१) का कविताहरूमा उत्पीडित वर्गको यथार्थ बोध छ तर साथसाथै विद्रोह र आत्मसम्मानको स्वर पनि प्रकट भएको पाइन्छ । यस्ता कविताहरूमा आत्मस्वरूपको खोज, सामाजिक सशक्तीकरण, स्वदेश प्रेम, वर्गीय चेतना आदिको समावेश हुन्छ । प्रतीक, व्यङ्ग्य, बिम्ब र दोहोरो अर्थ प्रयोग गरी कवितामा गहिरो प्रभाव बनाइन्छ ।

'प्यालासँग नयाँ कविता' कविता सङ्ग्रहको अन्तिम कविता बुद्ध अर्थात् ज्ञान जन्माउनसँग समर्पित छ । 'अन्त्यमा' शीर्षक दिइएको उक्त कवितामा शान्त समयमा मात्र ज्ञान जन्मन सक्ने र पृथ्वी, आकाश र वायुलाई बुद्धजस्ता ज्ञानी पुरुष जन्माउन आह्वान गरिएको छ । कवि अग्रिमका प्रस्तुत 'प्यालासँग नयाँ कविता' कविता सङ्ग्रहभित्रका कविताले देश, जनता, जाति, सभ्यता, भाषा, कला, संस्कृति र परम्पराप्रति आस्था राख्दै तिनको सम्मानमा हामी सबैमा सकारात्मक भाव सञ्चार हुनुपर्ने बताएका छन् ।

## सामाजिक चेतनायुक्त वैचारिक चेतनाको अभिव्यक्ति

सामाजिक चेतना भन्नाले समाजप्रतिको उत्तरदायित्व र जागरण बुझिन्छ । वैचारिक चेतना भन्नाले दर्शन, विचारधारा र मूल्यगत बोधलाई जनाइन्छ । यस अवधारणाअन्तर्गतका कविताहरूमा प्रतीक, व्यङ्ग्य, विडम्बना र क्रान्तिकारी भाषा प्रयोग हुन्छ । उद्देश्य केवल चित्रण होइन, सामाजिक

हस्तक्षेप हो । यी दुवै तत्त्वको एकीकृत अभिव्यक्ति नेपाली कवितामा गहिरो रूपमा देखिन्छ । यसमा कविहरूले व्यक्तिगत अनुभूतिलाई सामाजिक सत्यसँग गाँसेका छन् । भूपी शेरचनको 'गुमेको मुट्ठी' कविता सङ्ग्रहमा सामाजिक सङ्घर्ष, वर्ग चेतना र राजनीतिक द्वन्द्वलाई वैचारिक दृष्टिकोणबाट उठान गरिएको छ (शेरचन, २०२५) । मोहन कोइरालाका कविताहरूमा पूँजीवादी संरचनाप्रति असन्तुष्टि र जनपक्षीय विचारहरूको प्रस्ट प्रस्तुति पाइन्छ । समकालीन सन्दर्भमा युवा कविहरूले जातीय समानता, लैङ्गिक न्याय, श्रमको सम्मान, शिक्षा, न्याय र मानवाधिकार जस्ता विषयलाई कवितामार्फत उठाइरहेका छन् । यसले सामाजिक चेतनासँगै वैचारिक विमर्श पनि जन्माइरहेको छ । नेपाली कवितामा सामाजिक चेतनायुक्त वैचारिक चेतनाको अभिव्यक्ति साहित्यलाई केवल मनोरञ्जन नभई परिवर्तनको उपकरण बनाएको छ । अतः यसमा समाजलाई पढ्ने, त्यसबाट विचार उब्जिने र चेतना जागृत हुने भाव अभिव्यक्त भएको छ ।

नेपाली कवितामा यथार्थवादले गहिरो प्रभाव जमाउँदै गएको छ । जनजीवनका पीडा, सङ्घर्ष र सामाजिक विसङ्गतिलाई उजागर गर्दै यसले साहित्यलाई समाजसँग गाँस्ने पुल बनाएको छ । यो समकालीन नेपाली कविता यथार्थको तेज स्वर बनेको छ । 'प्यालासँग नयाँ कविता'मा कवि सुमन घिमिरे 'अग्रिम' का आफ्ना मौलिक विचार प्रस्तुत भएका छन् । समसामयिक राष्ट्रिय चेतना उनका कविताका विषयहरू बनेका छन् । उनका कवितामा गरिबी, बेरोजगारी, भ्रष्टाचारजस्ता यथार्थहरू चित्रित छन् साथै त्यससँगै वैचारिक विवेक र सामाजिक उत्तरदायित्वका स्वर पनि प्रकट भएका छन् ।

देशको भूगोल र यहाँका सम्पदाहरू संरक्षित गर्न लाग्नुपर्ने देशभक्तिपूर्ण सन्देश कवितामा व्यक्त भएको छ । समाज र देशमा देखापरेका निराशालाई आशामा रूपान्तरण गराउनु कविको धर्म हो ।

> "चोइटिएका विचारहरू,
> कुण्ठित मनहरू,
> देशप्रतिका कलुषित भावनाहरू
> अब पखाल्ने छु - सिङ्गो समृद्धिको अभियान बोकेर" (घिमिरे, २०८१, पृ. ८३) ।

यो कवितांशले मानव मनको गहिरो भावना र सामाजिक परिवर्तनको चाहनालाई व्यक्त गर्छ । यसमा "रोइरहेका विचारहरू" ले मानसिक द्वन्द्व र पीडालाई सङ्केत गर्छ । त्यस्तै "सङ्लिएको मन" ले आन्तरिक शान्ति र स्पष्टताको खोजलाई चित्रण गर्छ । देशप्रतिको कला र भावनाले राष्ट्रिय चेतना र समर्पण झल्काउँछ । "सिङ्गो सभ्यताको अभियान" ले सामूहिक प्रगति र सांस्कृतिक जागरणको सङ्कल्प बोकेको छ । कविताको भाषा प्रतीकात्मक र भावनात्मक छ । यो अंशले पाठकलाई व्यक्तिगत र सामाजिक परिवर्तनबारे सोच्न प्रेरित गर्छ ।

## समयचेत र यथार्थ विचारको अभिव्यक्ति

यथार्थवादी साहित्यमा कल्पनाभन्दा जीवनका यथार्थ पक्षहरूलाई चित्रण हुन्छ । नेपाली कवितामा पनि यथार्थवादको उपस्थिति क्रमशः बलियो हुँदै गएको पाइन्छ । परम्परागत आध्यात्मिक र भावप्रधान

कविता धारालाई छिचोलेर यथार्थले समाजको तीतो साँचोलाई कविता मार्फत बोलेको पाइन्छ । यसरी हेर्दा 'प्यालासँग नयाँ कविता' विचारको अभिव्यक्तिको पक्षका दृष्टिले सशक्त छ । समयचेत प्रखर भएर अभिव्यक्त भएको छ । अपरिवर्तनप्रतिको गुनासो स्वाभाविक छ । समयानुसार धेरै काम आफैँ हुँदै जाने परिवेश बन्न नसकेकोमा भने कवि असन्तुष्ट छन् । समयको प्रवाहलाई पक्रिएर अगाडि बढ्न नसक्नु भनेको कमजोरी हो भन्ने कविको धारणा रहेको छ ।

अग्रिमको 'प्यालासँग नयाँ कविता' मूलतः गद्य कविताको सँगालो हो । यस सङ्ग्रहमा सर्जक अग्रिमले व्यक्त गरेका काव्यात्मक विचारलाई नमुनाका रूपमा यसरी प्रस्तुत गरिएको छ :

"सल्कायो उसले आगो-
भक्कानिँदै एउटा सिङ्गो भूगोलमा र
झाऱ्यो,
आफ्नै नयनबाट समुद्रका छालहरू
सकेसम्म निभाउने आशमा...." (घिमिरे, २०८१, पृ. १) ।

यो कवितांशले मानव जीवनको एकाङ्कीपन र प्रकृतिसँगको गहिरो सम्बन्धलाई चित्रण गर्छ । यहाँ "सङ्लाएर आगा" आन्तरिक ऊर्जा र प्रेरणाको प्रतीक हो । "एउटा सिङ्गो भूगोलमा" भन्ने वाक्यांशले व्यक्तिको व्यापक जीवनयात्रालाई सङ्केत गर्छ । "आफ्नै गोगनबाट" ले आत्मनिर्भरता र स्वतन्त्र चिन्तनलाई जोड दिन्छ । "सङ्केतका छायाहरू" र "आशाको" शब्दले आशावाद र रहस्यमयी भावनालाई व्यक्त गर्छ । कविताको भाषा गहन र प्रतीकात्मक छ । यो अंशले पाठकलाई आत्मचिन्तन र जीवनको अर्थ खोज्न प्रेरित गर्छ । सुमन घिमिरे 'अग्रिम' का कवितामा अस्तित्ववादी चिन्तन र विसङ्गतिवादी चेत पनि भेटिन्छ । लोकतन्त्र तथा गणतन्त्र आएपछि पनि सङ्घर्ष गर्नुपर्ने, विद्रोह गर्नुपर्ने र विसङ्गतिका विरुद्ध लड्नुपर्ने अवस्था आउनु विसङ्गतिपूर्ण छ । पद्धति, विधि, विधान, नियम, कानुनमा अझसम्म पनि थिति बस्न नसक्नु यथार्थ हो । यस कुरालाई कविले यसरी प्रस्तुत गरेका छन् :

"विचार ढाल्न नसकेर शालिक ढाल्नेहरू हो !
एक मुठी माटो छातीमा राखेर हेर
आज तिम्रै कारण रोइरहेछ - देश
छामी हेर त
त्यहाँ देश दुखेको पाउँछौ तिमीले
देश दुख्नु
हरेक नेपाली दुख्नु हो" (घिमिरे, २०८१, पृ.३) ।

यो कवितांशले राष्ट्रिय चेतना र देशप्रेमको भावनालाई व्यक्त गर्छ । "विचार ढाल्न नसकेर" ले मानसिक द्वन्द्व र देशप्रतिको चिन्तालाई सङ्केत गर्छ । "शान्त ढाल्नेहरू" ले शान्ति र प्रगतिका लागि समर्पित व्यक्तिहरूलाई चित्रण गर्छ । "एउटा ढुङ्गा माटोमा राखेर" ले देश निर्माणको आधारभूत योगदानलाई प्रतीक बनाएको छ । त्यस्तै "देश रोइरहेका" भन्ने वाक्यांशले राष्ट्रिय सङ्कट र पीडालाई

व्यक्त गर्छ । “नेपाली दुख्नु” ले देशको पहिचान र गर्वलाई जोड दिन्छ । यसर्थ कविताको भाषा सरल तर गहन र भावनात्मक छ । यो अंशले पाठकलाई देशप्रेम र सामाजिक जिम्मेवारीप्रति प्रेरित गर्छ ।

समाजलाई वास्तविक बाटो देखाउने दृष्टिले पनि यी कविता सफल छन् । समाजका खराब कर्म छोडेर सत्कर्ममा लाग्न यी कविता गतिला दृष्टान्त हुन् । समाजको यथार्थ रूपान्तरण, प्रगति, विकास, विकृतिप्रति विद्रोह तथा सङ्घर्षका विषयहरू ‘प्यालासँग नयाँ कविता’ मा सर्वत्र पाइन्छन् । यी सबै विषयवस्तु समाज रूपान्तरणका यथार्थ अभिव्यक्ति हुन् ।

सर्जक घिमिरेका कवितामा समसामयिकता सशक्त ढङ्गले मुखरित भएको छ । परिवारको यथार्थ अवस्था चित्रित हुनु, देशप्रेमको भाव मुखरित हुनु, आशावादी र आदर्शवादी स्वर घन्कनु, नीति चेतना र सामाजिक परिवेशको प्रतिबिम्बन हुनु रचनाका यथार्थ पहिचान हुन् । सामाजिक आर्थिक अवस्थाको प्रस्तुति, संस्कृतिको चित्रण, राजनीतिक यथार्थको प्रस्तुति, शैक्षिक अवस्थाको चित्रण, मानवीय मनोभाव र कर्तव्यबोधको अवस्था, राष्ट्रवादको उद्घोष काव्य सर्जकका पहिचानका यथार्थ उपस्थिति हुन् । मानवता, सामयिकता, जैविक पक्ष, धार्मिक सांस्कृतिक चेत ‘प्यालासँग नयाँ कविता’ काव्यका काव्यगत उपलब्धिहरू हुन् ।

‘प्यालासँग नयाँ कविता’ काव्यमा व्यवहृत भाव काव्यको सन्देश पक्षसँग सम्बद्ध रहेको छ। यसले व्यक्तिमा नैतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, कुटनीतिक, राजनीतिक, धार्मिक, सामाजिकजस्ता पक्षको विकासमा योगदान गर्दछ । व्यक्तिमा राष्ट्रवादी भाव मुखरित गराउन योगदान गर्दछ । कर्तव्यबोधको मनोभाव प्रकाशित गराई व्यक्तिलाई मानवीय रूपमा प्रस्तुत हुन मार्ग निर्देश गरेको छ । व्यक्तिको व्यक्तित्व विकास र कर्तव्यबोधको भाव काव्यले प्रस्तुत गरेको छ । यस अर्थमा काव्यको औचित्य उपयोगिताको सिद्धान्तका दृष्टिले समेत उपयुक्त र सार्थक छ ।

## निष्कर्ष

कवि अग्रिमका ‘प्यालासँग नयाँ कविता’ कविता सङ्ग्रहभित्रका रचनाले समाजभित्रका विविध यथार्थको अभिव्यक्ति दिएका छन् । विवेच्य कृतिमा मूलतः समसामयिक सन्दर्भका यथार्थ विषयहरू प्रस्तुत भएका छन् । यस काव्यसँगालोमा समेटिएका ५३ ओटा कविताहरूको औपचारिक आयाम ८४ पृष्ठको सीमामा बाँधिएको छ । कविताका विषयक्रम र प्रस्तुतिमा विचलन भएको देखिन्छ । काव्यका विषयवस्तु तथा शीर्षक यथार्थ समसामयिक र सान्दर्भिक छन् । अतः अधिकांश कवितामा समसामयिक नेपाली समाजको यथार्थ प्रतिबिम्बन भएको पाइन्छ । यी कवितामा समाजका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक र सांस्कारिक चेतना दुरुस्त उतारिएका छन् । काव्यमा समाजका विकृति, विसङ्गति, बेथिति र यथास्थिति आदि सग्लो रूपमा उत्रिएका छन् । काव्यले पाठकलाई समसामयिक अवस्थाको यथार्थ अवलोकन गराएको छ । सामाजिक यथार्थको प्रस्तुति र भावविन्यासका दृष्टिले काव्य सफल छ । सामाजिक, राजनीतिक, आर्थिक, नैतिक आदि दृष्टिले काव्यमा व्यक्त भएको यथार्थ अभिव्यक्ति सामयिक र सान्दर्भिक छन् । यथार्थवादी कविताहरूमा सोझो, स्पष्ट भाषा हुन्छ । प्रतीकात्मकता, व्यङ्ग्य,

विडम्बना प्रयोग गरिन्छ । कवितामा पाठकसँग प्रत्यक्ष संवाद गरिएको छ । घिमिरेको 'प्यालासँग नयाँ कविता' कविता सङ्ग्रह त्यही शैलीको प्रतिनिधि कविता सङ्ग्रह हो । यसर्थ यथार्थ र अझ खास गरी सामाजिक यथार्थको अभिव्यक्तिका दृष्टिले 'प्यालासँग नयाँ कविता' कविता सङ्ग्रह यथार्थवादी चिन्तनमा सफल कृति हुन पुगेको छ ।

## सन्दर्भसामग्री


अधिकारी, गणेशराज; गौतम, वासुदेव र ढुङ्गेल, वासुदेव (२०७९), *साहित्यशास्त्र र नेपाली समालोचना,* भुँडीपुराण प्रकाशन ।

अर्याल, शेखर (सन् २०२३), मोटरसाइकलको बिहे बालनाटकमा सामाजिक यथार्थवाद, *कग्निसन,* ५ (१), पृ. १८२-१९० । DOI: https://doi.org/10.3126/cognition.v5i1.55437

आचार्य, कृष्णप्रसाद र गैरे, ईश्वरीप्रसाद (२०५९), *आधुनिक नेपाली नाटक र फुटकर कविता,* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

आचार्य, कृष्णप्रसाद (२०६७), *साहित्यशास्त्र र नेपाली समालोचना,* क्षितिज प्रकाशन ।

कोइराला, मोहन (२०४५), *जूनकिरीको आवाज,* साझा प्रकाशन ।

घिमिरे, सुमन 'अग्रिम' (२०८१), *प्यालासँग नयाँ कविता,* बबिता अधिकारी ।

जोशी, कुमारबहादुर (२०५१), *पाश्चात्य साहित्यका प्रमुख वाद,* साझा प्रकाशन ।

जोशी, ताराप्रसाद (२०४३), *कविता सङ्ग्रह भाग २,* मोहनप्रसाद ।

ढुङ्गेल, वासुदेव; अधिकारी, गणेशराज र गौतम, वासुदेव (२०७६), *नेपाली कविताकाव्य,* भुँडीपुराण प्रकाशन ।

दीक्षित, मदनमणि (२०३८), *नेपाली समालोचनाको रूपरेखा,* साझा प्रकाशन ।

पन्थ, टंकप्रसाद (सन् २०२४), *मान्छेका रङहरू कविता सङ्ग्रहमा व्यङ्ग्य,* त्रिभुवन जर्नल, ३ (१), पृ. ९३-१०७ । DOI: https://doi.org/10.3126/tribj.v3i1.70809

बराल र अन्य (२०७९), *नेपाली साहित्यकोश,* दोस्रो संस्क., नेपाल प्रज्ञा प्रतिष्ठान ।

भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद (२०६८), *साहित्यशास्त्र र नेपाली समालोचना,* विद्यार्थी पुस्तक भण्डार ।

लामा, असमान (सन् २०२५), पृथ्वी कसको ? कविता सङ्ग्रहमा प्रगतिवादी वैचारिकता, *कग्निसन,* ७ (१) पृ. १४३-१५५ । DOI: https://doi.org/10.3126/cognition.v7i1.74791

शेरचन, भूपि (२०२५), *घुमेको मुद्दी,* साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७८), *यथार्थवाद,* शिखा बुक्स ।